F.N. 006

# बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences
Dharan, Nepal

मिति : २०७२।१२।१७

Ref. No. [illegible]

## उच्च अध्ययन तालिम सम्बन्धि सूचना

यस प्रतिष्ठानको शैक्षिक जनशक्ती विकाश (Faculty Development Programme) कार्यक्रम अर्न्तगत निम्न विषयहरुमा अध्ययन तालिमको लागि दिइने छात्रवृत्तिका लागि योग्यता पुगेका नेपाली उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त आव्हान गरिन्छ। रित नपुगेको तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| | | | |
|---|---|---|---|
| १. | **छात्रवृतिका विषय** | | **संख्या** |
| (क) | MD Physical Medicine and Rehabilitation | - | १ |
| (ख) | Fellowship Medical Oncology | - | १ |

२. **न्यूनतम योग्यता :**

(क) MD (PMR) का लागि - MBBS उर्तीण गरी १ वर्षको कार्यअनुभव भएको

(ख) Fellowship Medical Oncology - MD (Internal Medicine) उर्तीण भएको

३. **दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

(ख) MD Physical Medicine and Rehabilitation को लागि MBBS transcript

(ग) Fellowship Medical Oncology को लागि MD transcript वा उर्तिण प्रमाण पत्र

(घ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण पत्र

(ङ) तोकिए बमोजिमको अनुभवको प्रमाण पत्र

(च) छोटकरी C.V.

४. **दरखास्त फारम पाइने तथा बुझाउने स्थान :**

दरखास्त फारम रु. १५००/- (रु. एक हजार पाँचसय मात्र) नगद तिरी प्रतिष्ठानको मुख्य कार्यालय धरान तथा सम्पर्क कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिने छ । तर दरखास्त फारम प्रतिष्ठानको मुख्य कार्यालय धरानमा मात्र बुझाउनु पर्ने छ ।

रजिष्ट्रार

*Head Office, Dharan : 977-25-525555, 977-25-521017 ; Fax: 977-25-520251 ; E-mail: bpkihs@bpkihs.edu*
*Kathmandu Office : 01-4372263, P. O. Box 7053, Kathmandu ; url: www.bpkihs.edu*

F.N. 006

# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences
Dharan, Nepal

Ref. No.

**उम्मेदवार छनौटको किसिम :**

लिखित / अन्तरवार्ता

६. **छात्रवृत्ति सम्बन्धी शर्तहरु :**

(क) उपरोक्त विषय अध्ययन गरी रहेको/तालिम लिई रहेको अवस्थामा प्रतिष्ठानको पूर्व स्वीकृती नलिई अन्यत्र अन्य विषयमा वा तोही विषयमा कुनै प्रकारको अध्ययन/तालिम गर्न पाइने छैन ।

(ख) कुनै शारिरीक तथा मानसिक बिमारीले गर्दा आफ्नो काबु बाहिरको परिस्थिति उत्पन्न भएमा बाहेक अध्ययन/तालिमको अवधि पुरा नगरी बीचमा अध्ययन/तालिम छोड्न पाइने छैन, छोडेको खण्डमा प्रतिष्ठानले निज उपर व्यहोरेको तलब वा अन्य श्रोतबाट प्राप्त छात्रवृति रकम अध्ययन छोडे तापनि पूर्ण अध्ययन अवधिभरमा लाग्ने रकम र तल दफा ६(घ) मा उल्लिखित रकम अध्ययन पुरा नगरी सेवा नगरेको कारणबाट प्रतिष्ठानलाई एवं राष्ट्रलाई पुग्न जाने क्षतिस्वरुप प्रतिष्ठानलाई बुझाउनु पर्नेछ । नबुझाएमा घरघराना, चल अचल सम्पत्ती र अंशको सम्पतीबाट समेत दावी गरी प्रतिष्ठानले असुल उपर गर्न सक्नेछ । यसको साथै प्रतिष्ठानको पूर्व स्वीकृति बेगर अध्ययन/तालिम छोडेमा समेत उपरोक्त हर्जाना तिर्ने कुरामा र प्रतिष्ठानको सेवाबाट हटाइएमा उजुर बाजुर गर्न पाइने छैन ।

(ग) अध्ययन विदा समाप्त भएको मितिले १ (एक) हप्ता भित्र प्रतिष्ठानको कार्यालयमा स्वयं उपस्थिति भई लिखित प्रतिवेदन गर्नु पर्नेछ ।

(घ) अध्ययन विदा समाप्त भएपछि निजको योग्यताको आधारमा प्रतिष्ठानले नियुक्ति गरेको पदमा प्रतिष्ठानद्वारा निर्धारित सेवा शर्त अर्न्तगत बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली २०५५को नियम १०.२० को (३), (५), को व्यवस्थाको अधिनमा रही MD Physical Medicine and Rehabilitation को लागि ५ वर्ष र Fellowship Medical Oncology को लागि २ वर्ष अविच्छिन्न रुपमा प्रतिष्ठानमा सेवा गर्नु पर्नेछ। अन्यथा प्रत्येक वर्षको रु.२५,००,०००।०० (अक्षरेपी पच्चिस लाख) का दरले नगदै प्रतिष्ठानलाई बुझाउनु पर्नेछ ।

(ङ) यो शर्तनामा गर्नुभन्दा अगाडि प्रतिष्ठानसंग गरिएको अध्ययन/तालिम र कार्यक्रम भएको अवस्थामा गरिएको जुनसुकै शर्तनामा पनि प्रतिष्ठानले यसै शर्तनामाको अभिन्न अंग मानी कार्यान्वयन गर्नेछ । यस सम्बन्धमा कुनै उजुर बाजुर गर्न पाइने छैन ।

७. अध्ययन विदा सम्बन्धमा प्रतिष्ठानले समय समयमा निर्धारण गरेको बन्देजहरुको पालना गर्नुपर्ने छ र उपरोक्त शर्त बन्देजहरुमध्ये कुनै, केही वा सबैको सम्बन्धीत व्यक्तीबाट उल्लंघन भएमा बुंदा ६(घ) मा उल्लेख भए अनुसार प्रत्येक वर्षको २५ (पच्चिस) लाखका दरले प्रतिष्ठानलाई बुझाउनु पर्ने छ र सो बुझाउनु पर्ने रकम नबुझाएमा सम्बन्धित व्यक्तिको जायजेथा वा अंशभागबाट प्रतिष्ठानले असुल गर्नेछ।

२।१५

युवबहादुर श्रेष्ठ
रजिष्ट्रार

*Head Office, Dharan : 977-25-525555, 977-25-521017 ; Fax: 977-25-520251 ; E-mail: bpkihs@bpkihs.edu*
*Kathmandu Office : 01-4372263, P. O. Box 7053, Kathmandu ; url: www.bpkihs.edu*